# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड
# Swarojgar Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंक बाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तर कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालयः बनेपा-५, काभ्रेपलाञ्चोक

फोन नं.: ०११-६६१०६०, ६६५३४८

ईमेलः info@slbbl.com.np, वेबसाईटः www.slbbl.com.np


## विशेष साधारण सभाको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०१/१५ गते)

आदरणीय शेयरधनी महानुभावहरु,

स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८३/०१/१४ गते सोमबार बेलुका ६:०० बजे बसेको संचालक समितिको ३०६ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२)बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** :- २०८३ जेठ १ गते (तदनुसार १५ मई, २०२६)

**समय** :- विहान ११:३० बजे

**स्थान** :- पञ्चकन्या बैक्वेंट, पुलबजार, बनेपा।

**विशेष साधारण सभामा पेश गरिने प्रस्तावहरु :**

**(क) विशेष प्रस्तावहरुः**

१) स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा भएको DDA मुल्यांकनकर्ताको नियुक्ती, निजको पारिश्रमिक तथा प्राप्ति कार्यमा भएको अन्य खर्चहरुको अनुमोदन, शेयर आदान प्रदान दर प्रस्ताव पारीत, प्रारम्भिक समझदारी पत्र, अन्तिम सम्झौता पत्र सम्बन्धमा भएको निर्णयहरुको अनुमोदन लगायत प्राप्ति सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्न गराउनको लागि संचालक समितिलाई अख्तियारी, प्राप्ति कार्य पश्चात बन्ने वित्तीय संस्थाको संस्थापक र सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन तथा प्राप्ति पश्चात वित्तीय संस्थाको केन्द्रीय कार्यालय स्थानान्तरण सम्बन्धी प्रस्ताव लगायत प्राप्ति (एक्विजिशन) संग सम्बन्धित आवश्यक अन्य सम्पूर्ण निर्णयहरु पारीत गर्ने।

२) वित्तीय संस्थाको जारी तथा चुक्ता पूंजी वृद्धी हुने हुँदा सो बमोजिम हुने गरी प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन वा परिमार्जन गर्ने र सो सम्बन्धमा नियामक निकायवाट कुनै संशोधन वा थपघट गर्न आवश्यक देखी निर्देशन प्राप्त भएमा सो सम्बन्धी कार्य गर्न सञ्चालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

३) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक संशोधन गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

**ख) विविध।**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**विशेष साधारण सभा सम्बन्धी थप जानकारी**

१) विशेष साधारण सभा प्रयोजनको लागि मिति २०८३/०१/२२ गते यस वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द हुनेछ। साथै, मिति २०८३/०१/२१ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई तोकिएको समय भित्रमा नामसारी भई यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा रहेको शेयर लगतमा कायम भएका शेयरधनीहरु मात्र साधारण सभाका लागि योग्य हुनेछन्।

२) विशेष साधारण सभामा भाग लिन आउँदा आफ्नो परिचय खुल्ने हितग्राही खाता खोलिएको हितग्राही परिचय नम्बर/शेयर प्रमाणपत्र वा नागरिकता वा अन्य कागजात लिई आईदिनुहुन अनुरोध छ। संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा सम्बन्धित संस्थाको आधिकारिक पत्र पेश गर्नु पर्नेछ।

३) विशेष साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारममा साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा-५, काभ्रेपलाञ्चोकमा दर्ता गरी सक्नु पर्नेछ। यसरी प्रतिनिधि नियुक्ति गरिएको व्यक्ति समेत वित्तीय संस्थाको शेयरधनी हुनु आवश्यक छ। प्रतिनिधि फारम (प्रोक्सी) दिंदा आफ्नो समूहको शेयरधनीलाई मात्र दिनुपर्नेछ।

४) प्रतिनिधि नियुक्ति गरिसक्नु भएको शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि वदर गरि आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु परेमा त्यस्तो प्रतिनिधि वदर गरि आफै साधारण सभामा उपस्थित भइ मतदान गर्न चाहेमा सो को लिखित सुचना सभा शुरु हुनु भन्दा कम्तिमा २४ घण्टा अगावै वित्तीय संस्थामा दर्ता गर्नु पर्नेछ।

५) नाबालक वा विक्षिप्त शेयरधनीहरुको तर्फबाट संरक्षक स्वयमले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत पाउनेछन्। शेयरधनीको लगत किताबमा संरक्षकको रुपमा नाम उल्लेख भएको व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिइनेछ।

६) विशेष साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले अनिवार्य रुपमा सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:३० बजे देखि खुल्ला रहनेछ।

७) विशेष साधारण सभामा भाग लिन आउँदा जाँदा लागेको खर्च लगायत अन्य कुनै प्रकारको खर्चको सोधभर्ना वित्तीय संस्थाबाट उपलब्ध नहुने व्यहोरा अनुरोध छ।

८) शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन्।

९) कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्बन्धमा कुनै जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनु भन्दा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।

१०) अन्य थप जानकारी चाहिएमा यस वित्तीय संस्थाको केन्द्रिय कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।